आदरणीय नगर सभा अध्यक्षज्यू,
कार्यपालिका एवं नगर सभा सदस्यज्यूहरु,

१. यस गरिमामय नगर सभामा वीरगंज महानगरपालिकाको उप–प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएको छु ।

२. यस अवसरमा म नेपालको ऐतिहाँसिक अग्रगमनकारी सबै राजनैतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते तथा अंगभंग भएर जीवन बाँचिरहनुभएका सबै लोकतन्त्रवादी योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह निर्वाचनबाट हामीले यस महानगरको जिम्मेवारी ग्रहण गरेको एक वर्ष व्यतीत भईसकेको छ । यस एक वर्षमा महानगरबासी जनताप्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौँ र सबै नगरबासीको न्यानो माया एवं सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास गर्दछु ।

४. विश्वव्यापी कोभिड संक्रमण र सृजित आर्थिक मन्दीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्र सङ्कुचित भएको परिप्रेक्ष्यमा स्थानीय अर्थतन्त्र पनि मन्दीको मारमा परी खुम्चिएको छ । सन्तुलित एवं समावेशी विकासका लागि उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गर्दै वीरगंज महानगरलाई मुलुककै आर्थिक राजधानीको रुपमा स्थापित गर्ने दिशामा बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु ।

५. स्थानीय युवा जनशक्तिलाई नगरभित्रै रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने प्रकृतिका उच्च प्रतिफल दिने, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन गर्दै महिला, सीमान्तकृत एवं विपन्न समुदायलाई सीप तथा उद्यमशिलता विकासद्वारा उत्पादनमुखी उद्योगमा आधारित आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइएको छ ।

६. नेपालको संविधान, २०७२, १५ औँ योजना, दिगो विकास लक्ष्य, वीरगंज महानगरको आवद्यिक योजना, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।

स्थानीय प्रबुद्ध वर्ग, उद्यमी व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघसंस्थाबाट प्राप्त सुझाव समेतलाई आधार मानेको छु।

**सभाध्यक्ष महोदय,**

अब म वीरगंज महानगरपालिको विद्यमान आर्थिक अवस्था एवं चालु आ.व. २०७९/०८० को बजेट कार्यान्वयनको संक्षिप्तमा समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

७. भरपर्दो तथ्याङ्कीय संयन्त्रको अभावमा महानगरले स्थानीय आर्थिक सर्वेक्षण गरी वार्षिक प्रतिवेदन तयार गर्न हालसम्म पनि नसकिएको हुँदा स्थानीय अर्थतन्त्रको कुल ग्रहास्थ उत्पादन, वार्षिक आर्थिक वृद्धिदर, क्षेत्रगत आर्थिक उत्पादन एवं वृद्धिदर एकीन गर्न सकिएको छैन । आगामी दिनहरुमा यसतर्फ गम्भीर प्रयास गरिनेछ ।

८. चालु आर्थिक वर्ष २०७९/८० मा कुल रु. ४ अर्ब ४४ करोड ३४ लाख ४ हजार विनियोजन रहेकोमा विनियोजनको ७१ % खर्च हुने संशोधित अनुमान छ । सो मध्ये चालु खर्च २ अर्ब १५ करोड अर्थात् ४८ %, पूँजीगत खर्च रु.१ अर्ब अर्थात् विनियोजनको २३.% खर्च हुने संशोधित अनुमान छ ।

९. चालु आर्थिक वर्षमा समानीकरण अनुदान अन्तिम त्रैमासिकको ५०% कटौती, सशर्त अनुदान २०% कटौती, संघीय सरकारको राजश्व असुलीमा आएको सङ्कुचनको कारण राजश्व बाँडफाँड घट्न गएको, भू–उपयोग ऐन बमोजिम भूमिको वर्गीकरण प्रक्रिया टुङ्गिन समय लागेकोले जमिनको कित्ताकाट रोकिएका कारण घरजग्गा रजिष्ट्रेशन आयस्रोत समेत घट्न पुगेकोले समग्रमा राजश्व परिचालन कमजोर हुन पुगेको छ । कुल राजश्व परिचालन रु. ७० करोड हुने संशोधित अनुमान छ ।

**सभाध्यक्ष महोदय,**

म अब महानगरको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरुको संक्षिप्त प्रस्तुती गर्न चाहन्छु ।

१०. अर्थतन्त्रमा कोभिड पश्चातको पुनरुत्थान प्रारम्भ भएपनि उत्पादनमूलक एवं निर्माणजन्य उद्योगहरुमा राष्ट्रिय आर्थिक मन्दीको असर देखिएको छ । भरपर्दो विद्युत आपूर्तिको अभावमा उद्योगधन्दा पूर्ण क्षमतामा चल्न नसकेको मात्र हैन वैकल्पिक विद्युत आपूर्ति लागत उच्च हुँदा उत्पादन लागत समेत बढेको छ ।

११. साधारण खर्च निरन्तर रुपमा वृद्धि हुँदै गएपनि पूँजीगत खर्च अपेक्षित गतिमा बढ्न सकेको छैन । महानगरभित्र संघ र प्रदेश सरकारबाट अघि बढाइएका आयोजनाहरुमा ठेकेदारले समयमै कार्य प्रगति नगरेको, महानगरले सञ्चालन गरेका आयोजनाहरुमा समेत जग्गा सम्बन्धी विवाद, मुआब्जा सम्बन्धी विवाद, मुद्दा मामिला जस्ता अवरोधहरुले पूँजीगत खर्च लक्ष्य अनुरुप हुन सकेको छैन ।

१२. उच्च प्रतिफलयुक्त, नगरको विकासमा दुरगामी प्रभाव पार्न सक्ने ,प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी **"नगर आयोजना बैंक"** तर्जुमा गरी विनियोजन कुशलता कायम गर्दै सार्वजनिक खर्चको गुणस्तर सुनिश्चित गर्नुपर्ने चुनौती हामीसँग छ ।

१३. सङ्घीय एवं प्रदेश सरकारबाट हुने अन्तर सरकारी वित्तीय हस्तान्तरणप्रतिको अति निर्भरताबाट मुक्त हुँदै आन्तरिक राजश्वका नयाँ स्रोतहरु पहिचान गर्नु, राजश्व चुहावट नियन्त्रण गर्नु, करको दायरामा आउन नसकेका करदाताहरुलाई दायराभित्र ल्याउनु, व्यवसाय मैत्री करको वैज्ञानिक दर निर्धारण गरी आन्तरिक राजश्वको दायरा विस्तार गर्दै जानु र कर प्रशासनलाई पूर्ण रुपमा प्रविधिमैत्री तुल्याउनु चुनौतीपूर्ण छ ।

१४. स्थानीय उद्योग व्यवसायीहरुलाई लगानी सुरक्षा र शान्ति सुरक्षाप्रति पूर्ण रुपमा आश्वस्त तुल्याई लगानी मैत्री वातावरण कायम राख्ने चुनौती हाम्रो सामु छ ।

१५. प्रशासनिक संयन्त्रलाई चुस्त, दक्ष, उच्च उत्प्रेरणा युक्त तुल्याउँदै जनउत्तरदायी, नतिजामुखी स्थानीय सरकारको उद्देश्य प्रभावकारी तवरबाट हासिल गर्नुछ ।

१६. उल्लेखित चुनौतीको बावजुद हामीले लिएका प्रयासहरुले स्थानीय अर्थतन्त्रमा केही आशाको सञ्चार गरेको छ । नगर सौनर्दयीकरण, बोर्डर सौन्दर्यीकरण, रात्री बजार सञ्चालन, नगर सरसफाई जस्ता अभियानले नगरको पर्यटन क्षेत्र जुर्मराएको छ । स्थानीय व्यपार व्यवसाय प्रवर्द्धन भएको छ । महानगरमा पछि गाँभिएका वडाहरुमा ठूला सडक सञ्जाल विस्तारको नीति लिईएकोले उत्तर–दक्षिण आर्थिक करिडोर जस्तै पूर्व–पश्चिम आर्थिक करिडोरको जग बसेको छ ।

**<u>सभाध्यक्षज्यू,</u>**

आर्थिक वर्ष २०८०/८१ को बजेटलाई मैले निम्न उद्देश्यहरु परिपूर्ति तर्फ केन्द्रित गरेको छु।

क) नगर अर्थतन्त्रलाई चलायमान बनाई उच्च एवं समावेशी आर्थिक वृद्धि हासिल गर्ने,

ख) शिक्षा, स्वास्थ्य, खानेपानी, जस्ता सेवालाई सर्वसुलभ एवं गुणस्तरीय तुल्याउने,

ग) उत्पादनशील गतिविधि एवं उद्यमशीलता अभिवृद्धि गर्दै स्थानीय स्तरमा रोजगारी बढाउने।

घ) सन्तुलित एवं समावेशी पूर्वाधार विकासलाई तीव्रता दिने,

बजेटका प्राथमिकताहरु निम्नानुसार उल्लेख गरेको छु ।

अ) शिक्षा एवं स्वास्थ्य,

आ) सरसफाई, व्यवस्थापन, एवं वातावरण संरक्षण

इ) पर्यटन एवं कृषि

ई) गुणस्तरीय भौतिक पूर्वाधार

उ) डिजिटल सेवा प्रवाह एवं सुशासन

आदरणीय सभा अध्यक्षज्यू,

अब म आगामी आ.व.२०८०/८१को बजेटका प्रमुख क्षेत्रगत विनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**कृषि तथा पशुपालन**

१७. कृषि उत्पादन प्रबर्ध्दनका लागि स्वरोजगारी कार्यक्रम मार्फत बाँझो रहेको सार्वजनिक जमिन एवं बगरहरुलाई कृषक समूह गठन गरी सामूहिक करार खेती सञ्चालन गरिनेछ । यस क्षेत्रका लागी रु. १करोड ७६ लाख/- विनियोजन गरेको छु ।

१८. रसायनिक मलप्रतिको आकर्षण एवं निर्भरता न्यून गर्दै प्राङ्गरिक मलको प्रयोग गरी कृषकहरुलाई आर्गनिकखेती तर्फ आकर्षित गर्दै माटोको गुणस्तर सुधारका लागि विविध क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१९. महानगरभित्र उत्पादित कृषि उपजको समूचित बजार व्यवस्थापनका लागि नगरका विभिन्न स्थानमा कृषि तथा फलफूल बजार व्यवस्थापन गरिनेछ । वडा नं. १६ मा निर्माणाधीन कृषि बजार निर्माण सम्पन्न गरिनेछ ।

२०. वडा नं. २७ उदयपुर घुर्मीमा डेरी हब सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी संघ एवं प्रदेश सरकारसँग सहकार्यमा निर्माण कार्य प्रारम्भ गरिनेछ ।

२१. उन्नत जातका पशुपालन व्यवसाय विस्तारका लागि नस्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

**वन तथा वातावरण**

२२. जथाभावी ढलान गर्ने र सार्वजनिक पोखरीहरु पुर्ने कार्यले भूमिगत जल सतह घट्दै गएको हुँदा सार्वजनिक पोखरीहरु संरक्षण गर्ने, हरेक नयाँ घर निर्माण गर्दा वर्षाको पानी रिचार्ज हुने(rain water harvesting) अनिवार्य निर्माण गर्नुपर्ने, भित्री सडकहरुमा ढलानको सट्टा पेभर्स लगाउने व्यवस्था मिलाइनेछ ।

२३. सिर्सिया नदी प्रदुषण नियन्त्रण गरी नदी प्रणालीको स्वच्छता प्रवर्द्धन गर्न सबै तहका सरकार र सरोकारवालाहरु, उद्योगी व्यवसायीहरुसँग लागत साँझेदारी गरिनेछ ।

२४. सडकका दायाँबाँया, सार्वजनिक खाली जग्गामा वृक्षारोपन गरी हरित नगर अभियान सञ्चालन गरी शहरी सौन्दर्यकरणमा जोड दिईनेछ । पूर्वाधार निर्माण गर्दा काट्नुपर्ने रुखहरुलाई सुरक्षित अन्यत्र स्थानान्तरण गर्न वृक्ष स्थानान्तरण मेशिन (Tree Transplant Machine) खरिद गरिनेछ । यसका लागी रु. ५० लाख विनियोजन गरेको छु ।

**भूमि व्यवस्था तथा सहकारी**

२५. नगरमा रहेका सबै सरकारी एवं सार्वजनिक स्वामित्वका जग्गाको खोजी एवं संरक्षण गरी डिजिटल अभिलेख राखिनेछ ।

२६. बचत तथा ऋण सहकारी संस्थाहरुबाट बचतकर्ताहरुको हित विरुद्ध हुनसक्ने सबै किसिमको जोखिम एवं अवैध गतिविधि नियन्त्रण गर्न कानूनी एवं प्रशासनिक संयन्त्रलाई सुदृढ तुल्याइने छ । कृषि तथा उत्पादनमुखी सहकारी स्थापना गर्न विशेष सहजीकरण गरिनेछ ।

**औद्योगिक विकास**

२७. महानगरभित्र स्थापित उद्योगहरुले आफ्नो श्रम शक्तिको कम्तिमा २५% महानगरबासीलाई रोजगारी दिएमा यस्ता उद्योगहरुलाई लाग्ने व्यवसाय कर एवं सम्पत्तिकरमा थप २५% सहुलियत दिइनेछ ।

२८. महिला औद्योगिक ग्राम स्थापना गरी महिला दिदीबहिनीहरुलाई संगठित तुल्याई विभिन्न किसिमका घरेलु हाते सामाग्रीहरु उत्पादन गरी यस्तो

वस्तुको बजार व्यवस्थापनमा महानगरबाटै सहजीकरण गरी प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग निषेध गरिनेछ ।

**संस्कृति तथा पर्यटन**

२९. बिन्दवासिनी मन्दिर, नृसिंह मन्दिर, भिस्वा बौद्ध बिहार जस्ता सांस्कृतिक सम्पदाहरुलाई गुरुयोजना बमोजिम पर्यटन पूर्वाधार विकास गर्दै यस क्षेत्रको महत्वपूर्ण पर्यटन सम्पदाहरुको रुपमा स्थापित गरिनेछ ।

३०. महानगरभित्रका मठ–मन्दिर, बिहार, मस्जिद, गुरुद्वारा जस्ता सांस्कृतिक एवं धार्मिक सम्पदाको अभिलेखीकरण गरी पुरातात्विक विशेषता कायमै रहने गरी पुनः निर्माण, नव निर्माण एवं मर्मत सम्भार गरिनेछ ।

३१. परम्परादेखि चलिआएका जात्रा, पर्व मेलाहरु स्थानीय समुदायसँगको सहकार्यमा आयोजना गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

३२. उद्योग वाणिज्य संघ एवं स्थानीय संघ संस्थासँगको साँझेदारीमा वीरगंजमा लाग्दै आएको रात्री बजारलाई थप परिष्कृत गर्दै निरन्तरता दिइने छ ।

३३. वडा नं. १७ मा ऐतिहाँसिक अलौँ संग्राहालय निर्माण गरी यसको ऐतिहाँसिकता उजागर गर्दै वीरगंजको गौरव बढाइनेछ । यसको लागी रु. २० लाख विनियोजन गरेको छु।

**शिक्षा, विज्ञान तथा प्रविधि**

३४. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सामुदायिक विद्यालय शिक्षक स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ । संस्थागत विद्यालयहरुको सूचकमा आधारित वर्गीकरण गरी वैज्ञानिक शुल्क निर्धारण गरिनेछ । स्वयंसेवक शिक्षक कार्यक्रमका लागी रु. ४ करोड ७५ लाख विनियोजन गरेको छु ।

३५. सबै विद्यालयहरुमा सुविधा युक्त विज्ञान प्रयोगशाला निर्माण गर्दै लगिनेछ । विद्यालयहरुमा Smart Class को अवधारणा लागू गर्न प्रारम्भिक कार्य अघि बढाईनेछ ।

३६. जिल्ला समन्वय समिति सँगको लगानी साँझेदारीमा पूर्वाधार अभाव भएका विद्यालयहरुमा भवन तथा फर्निचर पूर्वाधार निर्माण गरिनेछ । उद्योगी व्यवसायी एवं कर्पोरेट घरानाहरुलाई १/१ वटा सामुदायिक विद्यालय संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत अङ्गीकार गरी शिक्षा पूर्वाधार एवं शिक्षण सामाग्रीहरुको प्रबन्ध गर्न प्रेरित गरिनेछ ।

३७. CTEVT सँगको सहकार्यमा प्राविधिक शिक्षालय वीरगंज महानगरमा स्थापना गर्न विशेष पहल गरिनेछ ।

३८. नगरभित्र स्थापित पुस्तकालयहरुलाई डिजिटलाईजेशन गरी E-Library (ई–लाईब्रेरी) सेवा सञ्चालन गरी आधुनिकीकरण गरिनेछ ।

३९. शिक्षा क्षेत्रमा रु. १२ करोड २० लाख विनियोजन गरेको छु ।

**<u>स्वास्थ्य सेवा</u>**

४०. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एवं विकेन्द्रित रुपबाट उपलब्ध गराउन नगर अन्तर्गतका सबै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ सहितको OPD सेवा सञ्चालन गरिनेछ । विकेन्द्रीत स्वास्थ्य सेवाको लागी रु. ३ करोड ७५ लाख विनियोजन गरेको छु ।

४१. प्रयोगशाला सेवालाई सुपथ र सुलभ तुल्याउन विर्तामा निर्माणाधीन नगर प्रयोगशाला भवनबाट आधुनिक प्रयोगशाला सेवा सञ्चालन गरिनेछ । यसका लागि आवश्यक जनशक्ति, उपकरण एवं सामग्रीहरुको प्रबन्ध गरिनेछ ।

४२. लामखुटेमुक्त महानगर अभियानका लागि लामखुट्टेको लार्भा नियन्त्रण, बासस्थान नष्ट गर्ने, औषधि छर्किने अभियानका लागि रु. ३५ लाख विनियोजन गरेको छु ।

४३. निर्माणाधीन ५ वटै बर्थिङ्ग सेन्टरहरु आगामी आ.व. मा निर्माण सम्पन्न गरिनेछ।

४४. नारायणी अस्पतालमा डायलसिस (Dialysis) सेवा सञ्चालन र प्रसुती सेवा सुधारका लागि विशेष सहयोग गरिनेछ ।

४५. आर्युवेदिक चिकित्सा पद्दतिप्रति नागरिकको सहभागिता बढाउन आयुर्वेद जागरण कार्यक्रम सञ्चालन गरी विद्यालयहरु तथा सार्वजनिक स्थलहरुमा योगकक्षा तथा योग शिविर सञ्चालन गरिनेछ ।

**<u>सरसफाई तथा खानेपानी</u>**

४६. "म सफा गर्छु मेरो घर आँगन, स्वच्छ, सुन्दर नगर अभियान" सञ्चालन गरी आ–आफ्नो आवास क्षेत्र सरसफाईमा सबै नगरबासीको सक्रिय सहभागिता जुटाईनेछ । यसका लागि उत्कृष्ट सफाई घरपरिवार पहिचान गरी पुरस्कृत गरिनेछ ।

४७. ल्यान्डफिल साईट र ग्रीन हस्पिटल वेस्ट मैनेजमेन्ट सेन्टरलाई व्यवस्थित रुपबाट सञ्चालन गरी यसबाट थप आय आर्जन हुने प्रबन्ध मिलाइनेछ ।

४८. महानगरको प्रमुख ढल सरसफाई अभियानलाई निरन्तरता दिइनेछ । अन्य ग्रामीण वडाहरुमा ढल विस्तार योजना अघि बढाईनेछ ।

४९. शहरका विभिन्न स्थानहरुमा Water ATM सञ्चालन गरिनेछ ।

५०. सफा नेपाल मोबाईल एप मार्फत सरसफाई प्रणालीको डिजिटल अनुगमन तीव्र तुल्याई जथाभावी फोहोर गर्नेलाई जरिवाना गर्ने कार्य निरन्तर रहनेछ ।

५१. भूमिगत जल पुनः भरणका लागि उपयुक्त प्राविधिहरु प्रयोगमा ल्याइनेछ ।

५२. ढल प्रशोधन केन्द्रलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

५३. खानेपानी तथा सरसफाई क्षेत्रमा रु १२ करोड विनियोजन गरेको छु ।

**खेलकुद**

५४. बालकदेखि वृद्धसम्म लाई विभिन्न खेलकुदतर्फ आकर्षित गरी शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रवर्द्धनमा जोड दिइनेछ । यसका लागि खेल प्रतियोगिताहरु आयोजना गरिनेछ।

५५. सबै सरोकारहरु सँगको साँझेदारीमा नयाँ खेल पूर्वाधारहरुको निर्माण र विद्यमान खेल मैदानको मर्मत सम्भार गरिनेछ । खेलकुद क्षेत्रका लागि रु.१करोड विनियोजन गरेको छु ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक**

५६. ज्येष्ठ नागरिकहरुको अनुभवलाई सामुदायिक हितामा लगाउन र ज्येष्ठ नागरिकहरुलाई मनोरञ्जनपूर्ण जीवन सहजीकरणको लागि लक्ष्मणवा पार्कलाई ज्येष्ठ नागरिक मैत्री पार्कको रुपमा विकास गरिनेछ । ज्येष्ठ नागरिक संघ वीरगंजलाई ज्येष्ठ नागरिक कार्यक्रम सञ्चालन अनुदान उपलब्ध गराईनेछ ।

५७. महिला सशक्तिकरण एवं उद्यमशीलता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । हिंसा पीडित महिलाको संरक्षणका लागि महानगरभित्र महिला सेफ हाउस निर्माण कार्य अघि बढाइनेछ।

५८. नगरभित्र निर्माण हुने सबै पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ ।

५९. बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप महानगरले प्रदान गर्ने सबै प्रकारका सेवाहरु सञ्चालित हुने व्यवस्था मिलाईनेछ ।

६०. शिक्षा ऐन तथा नियमावली बमोजिम सबै तहका कक्षाहरुमा विपन्न तथा जेहेन्दार लक्षित छात्रवृत्ति अनिवार्य रुपमा संस्थागत विद्यालयहरुमा लागू गरिनेछ । सामुदायिक शिक्षा पूर्ण रुपमा निःशुल्क गरिनेछ ।

**यातायात पूर्वाधारः**

६१. अन्तर वडाहरु जोड्ने शहरी सडकको कम्तीमा ३० फिट मापदण्ड तोकी सुरक्षित एवं गुणस्तरीय यातायात पूर्वाधार विकास गर्दै ग्रामीण वडाहरुलाई आधुनिक शहर केन्द्रसँग सञ्जालीकृत तुल्याइनेछ ।

६२. सिर्सिया करिडोर, भेडाहा करिडोर र तिलावे करिडोर सडकहरुको विस्तृत सम्भाव्यता अध्ययन गरी वातावरण मैत्री हरित सडक सञ्जाल विकास कार्य अघि बढाईनेछ ।

६३. बस्ती स्तरका भित्री गल्ली सडकहरुलाई ढलान वा कालोपत्रेको सट्टा पेभर्स लगाई वातावरण मैत्री एवं सौन्दर्यकरण गरिनेछ ।

६४. यातायात पूर्वाधार क्षेत्रको लागि रु. ५९ करोड विनियोजन गरेको छु ।

**आवास तथा शहरी विकास**

६५. सिर्सिया आवास क्षेत्रमा सम्पूर्ण शहरी सेवा सुविधा सहितको एकीकृत आवास विकास गरिनेछ । अन्य स्थानहरु समेत एकीकृत शहरीकरणको सम्भाव्यता अध्ययन गरिनेछ।

६६. ऐतिहाँसिक लाल बंगला क्षेत्रमा अन्तराष्ट्रिय स्तरको सभाहल निर्माण कार्य प्रारम्भ गरिनेछ। भवन तथा संरचना मापदण्डलाई समयानुकुल परिमार्जन गरी नक्सा पास गर्दा अनिवार्य रुपमा २ वटा बिरुवा रोप्ने नीति लागू गरिनेछ ।

६७. घर नक्सा इजाजत प्रणालीलाई अनलाईन प्रणालीमा कार्यान्वयनमा ल्याई पूर्ण रुपमा डिजिटलाईजेसन गरिनेछ ।

६८. अव्यवस्थित रुपमा झुण्डिएका पोलका तारहरु व्यवस्थित गरिनेछ ।

**जलाधार संरक्षण र नदी नियन्त्रण**

६९. नगरभित्रका सिमसार तथा पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

७०. नगरभित्रका मुख्य नदीहरुबाट हुने बाढीजन्य प्रकोप नियन्त्रणका लागि सबै नदीहरुमा तटबन्ध निर्माण कार्य अघि बढाइनेछ ।

७१. भेडाहा नदी नियन्त्रण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

७२. नदी नियन्त्रणबाट उकास भएको जग्गामा सामूहिक बगर खेती र करार खेती प्रवर्द्धन गरिनेछ ।

**उर्जा**

७३. निजी क्षेत्र र विद्युत प्राधिकरणको सहकार्यमा सार्वजनिक जग्गा महानगरले उपलब्ध गराई ठूलो क्षमतायुक्त सौर्य उर्जा प्रणाली स्थापना गरी उत्पादित उर्जालाई वीरगंजमै स्थापित उद्योगहरुलाई वितरण गर्ने प्रबन्ध मिलाइनेछ ।

७४. सौर्यबत्ती, बायोग्याँस, विद्युतीय सवारी साधन जस्ता नविकरणीय उर्जा तथा विद्युतीय उर्जा प्रविधि उपयोगमा जोड दिइनेछ ।

७५. भोल्टेजको अनियमितताका कारण विद्युत सेवा अवरुद्ध भईरहेको हुँदा नगरका विभिन्न स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा ट्रान्सफर्महरु जडान गरिनेछ ।

**<u>विपद् व्यवस्थापन</u>**

७६. नगरको विपद् जोखिम नक्साङ्कन गरी विपद् प्रतिकार्य कार्ययोजना अनुरुप विपद् व्यवस्थापन कार्य अघि बढइनेछ ।

७७. वारुण यन्त्रमा कार्यरत जनशक्तिलाई आवश्यक सीप एवं तालिम प्रदान गरिनेछ । सुरक्षा निकाय सँगको समन्वयमा उद्धार तथा प्रतिकार्यमा उपयोग हुने उपकरण एवं सामग्रीहरु खरिद गरी व्यवस्थापन गरिनेछ ।

७८. नगरका प्रमुख स्थानहरुमा तत्काल उद्धार तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्न उपयुक्त स्थानहरु पहिचान गरिनेछ ।

**<u>कानून तथा न्याय</u>**

७९. न्यायिक समितिका काम कारवाही प्रभावकारी तुल्याई शीघ्र न्याय निरुपण अभियान चलाइनेछ । न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको जिम्मेवारीलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आवश्यक ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरिनेछ।

८१. महानगरको स्थानीय ऐन सङ्ग्रह प्रकाशित गरिनेछ ।

**<u>शान्ति सुरक्षा</u>**

८२. स्थानीय प्रशासन तथा प्रहरी सँगको समन्वयमा नगरका विभिन्न स्थानहरुमा सि.सि.टि.भी. (CCTV) क्यामेराहरु जडान गरिनेछ । जिल्ला प्रहरी परिसरमा निर्माण भएको CCTV Control Room लाई सुविधा सम्पन्न तुल्याई डिजिटल सेक्युरिटी मोनिटरिङ्ग प्रभावकारी तुल्याईनेछ ।

**<u>आर्थिक योजना तथा तथ्याङ्क</u>**

८३. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा तथ्याङ्कहरुको उपयोग गर्ने नीति लिई तथ्याङ्क शाखालाई जनशक्ति एवं प्रविधिहरुयुक्त तुल्याई स्थानीय अर्थतन्त्रका सबै अवयवहरुको तथ्याङ्क प्रकाशन गरिनेछ ।
८४. नगरको दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ । यसको लागी विज्ञहरु सहितको शहरी योजना सुझाव आयोग गठन गरिनेछ ।
८५. वीरगंज नगर आयोजना बैंक तर्जुमा गरिनेछ ।

**शासकीय सुधार**

८६. मधेश प्रदेश सरकारबाट स्थानीय निजामती सेवा ऐन जारी भए पश्चात यथाशीघ्र स्थायी रिक्त पदमा स्थायी पदपूर्ति गर्ने एवं कार्यरत कर्मचारिहरुको बढुवा प्रक्रिया अघि बढाईनेछ।
८७. नगरका सबै सेवालाई कागजरहित सरकारको अवधारणा बमोजिम प्रवाह गरिनेछ । राजश्व प्रणालीलाई करदाताले सबै प्रकारको राजश्व विद्युतीय माध्यमबाट भुक्तानी गर्नसक्ने गरी परिमार्जित गरिनेछ ।
८८. भ्रष्टचारमा शून्य सहनशीलताको नीति लिई भ्रष्टाचारजन्य कार्यमा संलग्नलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।
८९. महानगरपालिकालाई तिर्न, बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति वा फर्मलाई आफ्नो बक्यौता बुझाउन नआएमा त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राखिनेछ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागी बजेट विनियोजन तथा श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

९०. आगामी आर्थिक वर्ष २०८०/८१ को लागि कुल खर्च रु. ३ अर्ब २१ करोड ३५ लाख ४४ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु २ अर्ब ४८ करोड ८५ लाख ५ हजार अर्थात ७७ %, पुजीगत तर्फ रु ६८ करोड ८७ लाख १५ हजार अर्थात २२ % र वित्तीय व्यवस्था तर्फ रु. ३ करोड ६३ लाख २४ हजार अर्थात १% रहेको छ ।
९१. आगामी आर्थिक वर्षको लागि अनुगमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. १ अर्ब २० करोड ४४लाख ३० हजार, नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १ अर्ब ३३ करोड

२१लाख, सङ्घीय राजश्व बाँडफाँडबाट रु. २५ करोड २४ लाख ७० हजार प्रदेश वितीय हस्तान्तरणबाट रु. ४ करोड ४५ लाख ९५ हजार प्रदेश राजश्व बाँडफाँड रु. २ करोड ८७ लाख व्यहोरिने जानकारी गराउँदछु ।

**सभा अध्यक्षज्यू,**

आगामी आर्थिक वर्ष २०८०/८१ को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु ।

९२. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ । आन्तरिक राजश्वलाई नगरको भरपर्दो एवं दिगो वित्तीय स्रोतको रुपमा स्थापित गरी वित्तीय आत्मनिर्भरता कायम गर्नु राजश्व नीतिको प्रमुख उद्देश्यको रुपमा लिएको छु ।

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसार राजश्व नीति अवलम्बन गरिनेछ।

क) सम्पत्ति कर तथा भूमिकर असोज मसान्तभित्र बुझाएमा १०% र पौष मसान्तभित्र बुझाएमा ५% छुट दिइनेछ । सो भन्दा पछि बुझाएमा छुट दिइनेछैन । विद्यालय, कलेज (मेडिकल कलेज बाहेक), अस्पताल, सपिङ्ग मल, होटेल, उद्योग, कलकारखानाहरुलाई दिईंदै आएको छुट कायमै राखिएको छ ।

ख) व्यवसाय कर चालु आ.व. को पौष मसान्तभित्रमा बुझाएमा १०% छुटको व्यवस्था गरेको छु ।

ग) कृषिजन्य उद्योगलाई व्यवसाय करमा दिँदै आएको ५०% छुटलाई निरन्तरता दिएको छु । स्वास्थ्यका लागि हानिकारक रक्सी, गुटखा, तम्बाखु, फलाम, सिमेन्ट, जङ्कफुड, पेन्टस र ईट्टा उद्योगलाई व्यवसाय करमा ५०% थप गरी लिने व्यवस्था गरेको छु ।

घ) महानगरभित्र सञ्चालित इट्टा उद्योगको उत्पादनमा प्रति इट्टा/१५ पैसा प्रदुषण सेवा शुल्क लिने प्रबन्ध गरेको छु ।

ङ) सार्वजनिक स्थलमा जथाभावी फोहोर फाल्नेलाई न्यून्तम रु. ५०० देखि ५,०००।– सम्म जरिवानाको व्यवस्था गरेको छु ।

च) आ.व. २०८०।८१ को लागि सवारी सेवा शुल्क असुलीको व्यवस्था गरिएको छ । यस्तो शुल्क ३ (तीन) पाङ्ग्रे र ४ (चार) पाङ्ग्रे

हलुका सवारी बाहेक, ४ (चार) पाङ्ग्रे वा सो भन्दा ठूला मालवाहक सवारी साधनबाट उठाईनेछ ।

छ) वडा नं. १७ देखि ३२ सम्मका साविकमा नक्सा पास नगरी बनेका घरहरुको आगामी आ.व. २०८०/८१ को पौष मसान्त सम्ममा आफ्नो घर नक्सा पास ईजाजतको लागि आवेदन लिई आएमा नक्सा पास दस्तुरमा ५०% छुट दिइनेछ।

ज) राजश्व प्रणालीलाई प्रविधि मैत्री, करदाता मैत्री बनाई कर सहभागीता लागत घटाई कर परिपालना अभिवृद्धि गरिनेछ।

**सभा अध्यक्ष महोदय,**

९३. आर्थिक वर्ष २०७९/८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/८१ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

९४. बजेटमा प्रस्तावित वित्तीय तथा राजश्व सुधारका नीतिबाट आन्तरिक राजश्वको कराधार फराकिलो हुने, प्रशासनिक खर्चमा मितव्ययीता कायम भई पूँजीगत खर्चको गुणस्तर एवं प्रभावकारिता बढ्ने अपेक्षा राखेको छु।

९५. बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने कार्यपालिका एवं नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रबुद्ध नागरिक समाज, विज्ञ व्यक्तित्वहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं महानगरका कर्मचारी मित्रहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस बजेटको कार्यान्वयनमा सबै पक्षबाट यथेष्ट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु।

धन्यवाद !

जय नेपाल, जय वीरगंज !